"हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यवद्धता।"

अन्तर्राष्ट्रिय नाराः **"Towards 30 Years of the Bejing Declaration and Plate form, Action:Unite to end Violence against Women."**

# ३३ औं अन्तर्राष्ट्रिय १६ दिने महिला हिंसा विरुद्धको अभियान २०२४

## अवधारणा पत्र

# राष्ट्रिय नाराः "हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यवद्धता"।

## पृष्ठभूमि

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको शुरुवात महिला विरुद्धको हिंसा अन्त्यका लागि सन् १९९१ मा सेन्टरफोर ओमन्स ग्लोवल लिडरसीप (CWGL) को सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समुहले गरेको थियो । त्यसपछि हरेक २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विश्वव्यापी रुपमा मनाउँदै आएको पाईन्छ । हाल १६ दिने अभियानलाई विश्वभर मनाउन थालेको ३३ वर्ष भइसकेको छ ।

महिलामाथि हुने हिंसा मानवअधिकार हनन्को सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो । यो अभियानअन्तर्गत २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म समुदायस्तरदेखि स्थानीय, प्रदेश तथा संघीय स्तरसम्म विभिन्न गतिविधि र कार्यक्रम गरिन्छ ।

यसको सन्दर्भ डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन साहसी दिदी बहिनीहरू पेट्रिया, मिनर्भा र मारियाको तत्कालिन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासंग जोडिएको छ । त्यसपछि २५ नोभेम्बरलाई ल्याटिन अमेरीकी देशमा महिला हिंसा विरुद्धको दिवसको रुपमा मनाउन थालिएको हो । यसरी यी तीन दिदी बहिनीहरूको हत्यालाई महिला विरुद्धको हिंसाको रूपमा लिई महिलावादीहरू द्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुवात गरिएको हो । पछि, सन् १९९९ मा संयुक्त राष्ट्रसंघद्वारा यसलाई आत्मसात गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसको रूपमा स्थापित गरियो ।

साथै सन् १९९१ मा नै क्यानडाका युवाहरुले सेतो रिवन बाँधेर यो दिवस "म हिंसा सहन्न,आफुपनि गर्दिन, र देखेमा प्रतिकार गर्छु" भनी सेतो रिवन अभियान संचालन गरेका थिए ।उक्त समयदेखि सेतोरिवनलाई लैंगिक हिंसा विरुद्ध प्रतिवद्धताको प्रतीकको रुपमा प्रयोग गर्दै आएको पाईन्छ ।

लिखित इतिहाँसलाइ नियाल्दा नेपालमा महिला विरुद्ध हुने हिंसाका सम्बन्धमा आवाज उठाउने प्रथम महिला योगमाया न्यौपाने हुन् । वि सं १९२५ मा नेपालको पुर्वी पहाडको भोजपुरमा जन्मिएकी उनले तत्कालिन नेपाली समाजमा महिलामाथि हुने गरेका अन्याय अत्याचार र कुसंस्कारको विरुद्ध सामाजिक परिवर्तन र महिला अधिकार स्थापनाका लागि सशक्त रुपमा आवाज उठाएकी थिईन् । उनले समाजमा रहेका पितृसत्तात्मक सोच, सामाजिक मुल्यमान्यता, शोषण, जातीय विभेद र चरम लैंगिक विभेद विरुद्ध अभियान संचालन गर्दागर्दै वि सं १९९८ मा आफ्ना अनुयायी सहित परिवर्तनका लागि खवरदारी गर्दै जलसमाधि लिएकी थिईन् ।

१६ दिने अभियानको शुरुवात नेपालमा वि सं २०५४ सालदेखि भएको पाईन्छ र यस अवधिमा विविध महिला विरुद्ध हुने हिंसाका सवालमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरी मनाउँदै आएको छ । तथापि नेपाल सरकारको मन्त्रीपरिषद्ले भने २०७५ सालमा आएर मात्र लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानलाई सामाजिक सचेतना सहित प्रत्येक बर्ष सवै स्थानीय पालिका, प्रदेश तथा संघमा संचालन गर्ने निर्णय गरेको थियो ।

प्रत्येक वर्षझैं यस वर्ष पनि समुदाय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म महिला हिंसा अन्त्यका लागि भइराखेका प्रयासप्रति ऐक्यबद्धता जनाउँदै लैंगिक हिसां विरुद्ध शुन्य सहनशीलताको नीतिलाई अवलवन गर्दै समुदाय स्तर देखि पालिका स्तर सम्म विभिन्न कार्यक्रम आयोजना गरिँदैछ ।

## महिलामाथि भएको हिंसाको अवस्था

महिला भएकै कारण हुने विभेदका परिणामस्वरुप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । यसको अन्त्य गर्न "संरचनागत असमानताबाट सिर्जित भेदभाव अन्तर्निहित कारणहरूको" सम्बोधन आवश्यक छ । यो तबमात्र सम्भव छ, जब राज्यले "महिलाले आफ्नो स्वपहिचान"का साथ जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गर्छ ।

महिला विरुद्ध र महिला भएकै कारणले हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । 'महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउँछ वा पुर्‍याउने सम्भावना हुन्छ । यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्यसमेत पर्दछ ।

संसारमा हरेक तीनमध्ये एक जना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोग्छन् र यस्तो हिंसामा संलग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्ति हुने गर्दछन् ।[1] हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनुपरेको स्थिति छ ।

समग्रतामा मुलुकको लैंगिक विकासको वस्तुस्थिति हेर्दा सन् २०२४ को संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)को लैंगिक विकास सूचक (GDI) अनुरुप नेपाल कम लैंगिक विकास भएको देशको वर्गमा अर्थात् विश्वको ०.८८५ अंकको साथमा १४६ औँ स्थानमा पर्छ । त्यसै गरी नेपाल एशियाली मुलुकमध्ये सबैभन्दा कम लैंगिक विकास भएको देशको सूचीमा पर्छ ।

नेपालको संविधानले लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ ।
लैंगिक हिंसाको कुनै पनि अवस्था वा कारणले भएको किन नहोस्, यो मानव अधिकारको गम्भीर उल्लंघन हो । बेलका नगरपालिकाको कुल जनसख्यां ५१ हजार ४ सय ५८ जनसंख्यामा महिलाको जनसंख्या २६ हजार ८ सय २७ रहेको छ ।जसमा वेलका नगरपालिकाको ५ वर्षभित्र ९२५ जना महिला तथा बालबालिकाहरु लैंगिकताका आधारमा हुने हिंसामा परेको तथ्याकमा देखिएको छ । सो तथ्याक वडा कार्यालय,मेलमिलापकर्ता,न्यायिक समिति,मनोविमर्शकर्ता,महिला सुरक्षावास तथा ईलाका प्रहरी कार्यालयको रिपोर्टका आधारमा तयार गरिएको थियो। यसरी हेर्दा महिलामाथि हुने हिंसा, तिनका आयाम र परिणामहरु फरक फरक रहेतापनि यो एक विश्वव्यापी जटिल समस्याको रुपमा रहेको छ ।

समाजको हरेक संरचनामा रहेको विभेदले असमान शक्ति सम्बन्ध सिर्जना गरेको छ । यसकारण आजसम्म महिलालाई पुरुषको तुलनामा समाजका स्रोत र अवसरहरूमा कम प्राथमिकता दिइँदैआएको छ । नेपालको कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा( ५०.४%) ओगटेका महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिकलगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पहुँच र उपस्थिति न्यून छ । अझ पनि महिलाहरूको समान नागरिकको हैसियतमा पहिचान स्थापित हुन सकेको छैन । महिलाहरूको राजनैतिक सहभागीतामा वृद्धि भएको देखिन्छ, तर निर्णायक तहमा पुरुषको बाहुल्य नै हावी छ ।

## अपिल

महिलाविरुद्धको हिंसा संरचनागत विभेदको परिणाम हो । यस विभेदको अन्त्यका लागि राज्यका हरेक संरचनामा रहेको पित्तृसत्तात्मक सोच र मूल्य मान्यताको अन्त्य जरुरी छ । लैंगिक समानता, महिलाको आफ्नो शरिरमाथिको निर्णय र गतिशीलताको अधिकार सुनिश्चित नभएसम्म महिलाहरू स्वतन्त्र र मर्यादित जीवन यापन गर्न पाउने अधिकारबाट वञ्चित हुन्छन् । यसर्थ, नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरू पूर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार गर्न हामी अपिल गर्दछौं ।
दैनिक जीवनमा महिलाले भोग्दै आएका विभेद र हिंसाको कारण शारीरिक, मानसिक, आर्थिक र सामाजिक असर भोग्न बाध्य महिलाहरूका लागि पहुँचयोग्य र प्रभावकारी सहयोगी संयन्त्रहरू निर्माण गरी न्यायमा अधिकार सुनिश्चितता र सामाजिक न्यायको वातावरण तयार गर्न अपिल गर्दछौं ।

- अन्तर्राष्ट्रिय सन्धि सम्झौता विशेषगरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धी (UNESCR) र दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि बनाइएको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरी बलियो अनुगमन संयन्त्रको स्थापना गरिनुपर्दछ ।
- महिलाले आर्थिक रूपमा सशक्त र स्वावलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि उनीहरूको आन्तरिक र आर्थिक सशक्तिकरणका कार्यक्रम ल्याउन आवश्यक बजेटको विनियोजनसहित दिर्घकालिन नीतिगत व्यवस्था गरियोस् ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमको सुनिश्चित गर्दै आत्मसम्मानसहितको सामाजिक पुन:एकिकरणको यथाशिघ्र व्यवस्था गरिनुपर्दछ ।
- महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको रूपमा मात्रै हेर्ने अत्यन्तै हानिकारक र संकिर्ण सोचले महिलामाथि भइरहेका हिंसामा व्याप्त सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ । यसका लागि विभेदपूर्ण सामाजिक संरचनाको रुपान्तरण गरी महिलामाथिका सम्पूर्ण भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीयदेखि केन्द्रियस्तरसम्मका सम्पूर्ण संरचनामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न जोड दिनुपर्छ ।
- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैंगिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ । अधिकांश महिला हिंसाका घटनालाई कानूनी प्रक्रियामा लानुको सट्टा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिको परिवर्तनमात्रै हैन अन्त्य हुनुपर्दछ । साथै पीडित/प्रभावितको सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर्ने गरी यस्ता घटनालाई सम्बोधन गर्नेतर्फ जोड दिनुपर्दछ ।
- हाल सामाजिक संजाल तथा अनलाईनबाट हुने हिंसाका घटनाको दर बढ्दो छ र नयाँ स्वरुपका घटनाहरु बढीरहेको देखिएको छ । यस्ता प्रबृत्तिका घटनाको सम्बोधन संघीय स्तरबाट मात्र हुने भएकाले प्रभावितले छिटो छरितो र सहज रुपमा न्याय लिन नसकेको अवस्था छ, त्यसैले सोको सम्बोधनका लागि जिल्लास्तरबाट नै यस्ता प्रकारका सेवा प्रवाहका लागि संयन्त्रको व्यवस्था गरिनुपर्दछ ।
- हिंसा प्रभावितको घटनालाई विश्लेषण गरी सेवा प्रदान गर्ने क्रममा प्रभावितको परिवारको भुमिका महत्वपुर्णरहेको छ । त्यसैले परिवारका सदस्यहरुलाई घटनामा सहयोग गरी प्रभावितको मनोवल बढाउन फोकस पारिवारिक परामर्श तथा परिवारको जिम्मेवारी र दायित्व बुझाउन परिवार लक्षित कार्यक्रमको निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ ।
- सेवा प्रदायकहरुलाई समय समयमा अधिकारमुखी अवधारणा, प्रभावित केन्द्रित अवधारणा र स्वहेरचाह सम्बन्धी तालिमको व्यवस्था गरिनुपर्दछ ।
- सामाजिक पुर्नस्थापनाका क्रममा राज्यका संयन्त्रहरुले उत्तरदायी भई प्रभावितले सामाजिक न्याय सहित पुर्नस्थापना हुने वाताबरण निर्माण गर्न सक्रिय भुमिका निर्वाह गर्नुपर्दछ ।

## १६ दिने अभियानको मुख्य उद्देश्य :

यस वर्षको १६ दिने अभियानको मुख्य उद्देश्य 'लैंगिक समानता, महिलाको पहिचान, आफ्नो शरिरमाथिको निर्णय र श्रमको अधिकार सुनिश्चित हुने वातावरण निर्माण'का लागि स्थानीय तहदेखि संघ तहसम्म पैरवी गर्नु हो ।

**विशिष्ट उद्देश्यहरू :**

- लैंगिक समानता सुनिश्चितताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सरकारले गरेको प्रतिबद्धताअनुरुप राज्यको दायित्व पुरा गर्न पैरवी गर्ने ।
- लैंगिक मैत्री तथा लैंगिक उत्तरदायी संरचना निर्माण गर्न स्थानीय तहदेखि संघसम्म पैरवी तथा सहकार्य गर्ने ।
- महिलामाथि हुने हिंसा अन्त्यका लागि सामुहिक ऐक्यबद्धता र शुन्य सहनशिलताको नीतिलाई अवलम्बन गर्न सामुदायिक संघसंस्था तथा युवाको अगुवाइमा आम नागरिक सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिलाको स्वपहिचान तथा श्रमको अधिकार स्थापित गर्न सामुहिक रुपमा सामुदायिक सचेतिकरण तथा पैरवी गर्ने ।

- हिंसा प्रभावितहरुलाई सेवा प्रदान गर्ने निकायमा कर्मचारीहरुको संवेदनशीलता बृद्धि गर्न प्रभावित केन्द्रित अवधारणा, लैंगिक हिंसाको घटना व्यवस्थापन सम्बन्धी विषयगत क्षमता अभिबृद्धिमा सहजीकरण गर्ने ।

**१६ दिने अभियानका महत्वपूर्ण दिवसहरू**

- नोभेम्बर २५- महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवस
- नोभेम्बर २९- अन्तर्राष्ट्रिय महिला मानवअधिकार रक्षक दिवस
- डिसेम्बर १- विश्व एड्स दिवस
- डिसेम्बर ३- विश्व अपांगता दिवस
- डिसेम्बर ५- विश्व स्वयंसेवक दिवस
- डिसेम्बर ६- मण्ट्रियलमा गरिएको छात्रा आमहत्याको सम्झना दिवस (मण्ट्रियल विश्वविद्यालयमा महिला अधिकारवादीले अघि सारेका सुधारवादी नीतिहरूको विरोध गर्दै एक जना बन्दुकधारीद्वारा १३ छात्रा र १ महिला प्रशासकको हत्या गरिएको थियो) । यसै दिन नेपालमा पनि नेपाली महिला सहिदहरूको सम्झनामा श्रद्धान्जली कार्यक्रम गरिँदै आएको छ ।
- डिसेम्बर १०- अन्तर्राष्ट्रिय मानवअधिकार दिवस ।

बेलका नगरपालिकाले १६ दिने अभियानमा संञ्चालन गर्ने क्रियाकलापहरु

- उद्घाटनः  बेनपा.५, जनता मावि जहडाबाट
- १ देखि ९ वटै वडाका १/१ वटा विद्यालयमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गतः लैङ्गिक हिंसा विरुद्ध र अपाङ्गता सम्बन्धी सचेतना अभियान कार्यक्रम
- १८ गते सोही कार्यक्रममा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस सम्बन्धी कार्यक्रम संञ्चालन।

<u>प्रस्तुतकर्ता</u>
जीरा राई
नगर उपप्रमुख
बेलका नगरपलिकाका कार्यालय
रामपुर, उदयपुर